तामाकोशी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

| खण्ड १ | संख्या ६ | मिति २०७५।०१।२५ |
| --- | --- | --- |

भाग २

## तामाकोशी गाउँपालिका

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको कार्यविधि संख्या ६

# आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५

**प्रस्तावना:**

नेपालको संविधानको अनुसूची-८ को क्रमसंख्या ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, खण्ड ज, उपखण्ड १४ मा भएको व्यवस्था बमोजिम तामाकोशी गाउँपालिका सरहद भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको आधारभूत तहको अन्तिम परीक्षा (कक्षा-८) को सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको संगठन संरचना, विधि र प्रकृया अपनाउन वाञ्छनीय भएकोले,

तामाकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तामाकोशी गाउँ कार्यपालिकाको मिति २०७५।०१।२३ को बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम “**आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५**" रहेको छ ।

(२) यो कार्यविधि तामाकोशी गाउँ कार्यपालिका बैठकले पारित गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"अध्यक्ष"** भन्नाले दफा ३ (१क) बमोजिमको परीक्षा समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ग) **"केन्द्राध्यक्ष"** भन्नाले दफा ११ बमोजिमको केन्द्राध्यक्ष सम्झनुपर्छ ।

(घ) **"गाउँपालिका"** भन्नाले तामाकोशी गाउँपालिका सम्झनुपर्छ ।

(ङ) **"निरीक्षक"** भन्नाले दफा १२ (२) बमोजिमको निरीक्षक सम्झनुपर्छ ।

(च) **"परीक्षा"** भन्नाले आधारभूत तहको अन्तिम परीक्षा सम्झनुपर्छ ।

(छ) **"परीक्षा केन्द्र"** भन्नाले परीक्षा सञ्चालन हुने केन्द्रहरु सम्झनुपर्छ ।

(ज) **"परीक्षा समिति"** भन्नाले यस कार्यविधिको दफा ३ (१) बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(झ) **"सदस्य सचिव"** भन्नाले दफा ३ (१) (घ) बमोजिमको परीक्षा समितिको सदस्य सचिव सम्झनुपर्छ ।

(ञ) **"स्रोतव्यक्ति"** भन्नाले गाउँपालिका क्षेत्रभित्रको स्रोतकेन्द्रमा कामकाज गर्न तोकिएको व्यक्ति सम्झनुपर्छ ।

(ट) **"शिक्षा शाखा"** भन्नाले तामाकोशी गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा शाखा सम्झनुपर्छ ।

## परिच्छेद २

## आधारभूत तहको अन्तिम परीक्षाको परिचालन र नियन्त्रण

**३. परीक्षाको परिचालन र नियन्त्रण :** (१) आधारभूत तहको अन्तिम परीक्षाको परिचालन र नियन्त्रण गर्नको लागि देहायबमोजिम एक परीक्षा समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) आधारभूत तह सञ्चालनमा रहेका सामुदायीक र संस्थागत विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट कम्तिमा १ जना महिला सहित प्रमुख प्रशासकीय अधिकृतबाट मनोनित ३ जना - सदस्य

(ग) स्थानीय प्रहरी प्रमुख - सदस्य

(घ) शिक्षा शाखा प्रमुख वा सम्बन्धित गाउँपालिका हेर्ने स्रोत व्यक्ति- सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम मनोनित सदस्यको पदावधि १ वर्षको हुनेछ ।

(३) परीक्षा समितिको कार्य सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. परीक्षा समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा ३ को उपदफा (१) वमोजिम गठित परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ख) परीक्षा केन्द्र तोक्ने, परीक्षा सञ्चालन गराई परीक्षाफल प्रकाशित गर्ने, गराउने तथा परीक्षार्थीहरुलाई प्रमाण पत्र प्रदान गर्ने ।

(ग) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न कर्मचारीको पारिश्रमिक निर्धारण गर्ने ।

(घ) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने ।

(ङ) दैवि प्रकोप वा अन्य कुनै विशेष परिस्थितिको कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने ।

(२) परीक्षा समितिले यस कार्यविधिमा तोकिएको काम, कर्तव्य र अधिकार मध्ये कुनै काम कर्तव्य र अधिकार सदस्य-सचिवलाई सुम्पन सक्नेछ ।

## परिच्छेद ३

## प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालन

**५. दक्ष विज्ञको नामावली :** (१) प्रश्न पत्र निर्माण तथा परिमार्जन गर्ने कामको लागि गाउँपालिकाले आवश्यक सङ्ख्यामा सम्बन्धित विषयका दक्ष विज्ञहरुको नाम समावेश भएको सूची तयार गर्नेछ । सो सूची समयानुकूल अद्यावधिक गराउनु पर्नेछ ।

(२) प्रश्नपत्र निर्माण र परिमार्जन सम्वन्धी अन्य कुराहरु दफा ३ को उपदफा (१) को परीक्षा समितिले तोकेबमोजिम हुनेछ ।

**६. प्रश्न पत्र निर्माण :** (१) प्रश्न पत्र निर्माणका लागि परीक्षा समितिले दफा ५ को उपदफा (१) बमोजिमको दक्ष विज्ञको सूचीबाट विषयगत दक्ष विज्ञहरुको नियुक्ति गर्नेछ ।

(२) प्रश्न पत्रको स्तर नमिलेको वा उपयुक्त प्रश्नहरु नभएको भनी कुनै दक्ष विज्ञको बारेमा सूचना प्राप्त भई छानविन गर्दा उक्त कुरा प्रमाणीत भएमा त्यस्ता दक्ष विज्ञलाई सूचीबाट हटाइनेछ ।

(३) प्रश्न पत्र आवश्यकतानुसार सेटमा निर्माण गर्नुपर्नेछ ।

**७. प्रश्न पत्र परिमार्जन :** (१) सदस्य सचिवको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा कच्चा प्रश्न सेटलाई दक्ष विज्ञबाट परिमार्जान गर्न सकिनेछ ।

(२) सदस्य सचिवले सम्बन्धित विषयको प्रत्येक सेटका लागि आवश्यकतानुसार दक्ष विज्ञबाट प्रश्न पत्र परिमार्जन गरिराख्नु पर्नेछ ।

**८. प्रश्न पत्र भण्डारण :** परीक्षामा प्रयोग हुने परिमार्जित भएका प्रश्नपत्रहरुलाई (कच्चा प्रश्न पत्रसमेत) उपयुक्ततताको आधारमा आवश्यकतानुसार शिक्षा शाखाले प्रश्नपत्र भण्डारण, रेखदेख र नियन्त्रण गर्नेछ ।

**९. प्रश्न पत्र मुद्रण र प्याकिङ :** परिमार्जित प्रश्नपत्रलाई पूर्ण गोपनीयताका साथ भाषानुवाद गराउने, कम्प्युटरमा टाइप गर्ने-गराउने, भाषिक शुद्धता कायम गराउने, प्रश्न पत्रको गोपनीयता कायम राख्ने, आवश्यक संख्यामा प्रश्न पत्र छपाउने र प्याकिङ गराउने दायित्व परीक्षा समितिको सदस्य सचिवको हुनेछ ।

**१०. प्रश्न पत्र वितरण र सुरक्षा :** (१) प्रत्येक परीक्षा केन्द्रको लागि आवश्यक पर्ने प्रश्नपत्रहरु तथा अन्य विवरणहरु सदस्य सचिवको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा निजद्वारा तोकिएको स्रोतव्यक्ति वा कर्मचारीहरुले रुजु एवं सिलबन्दी प्याकेट तयार गरी वितरणको व्यवस्था गर्नेछ ।

(२) केन्द्राध्यक्षले शिक्षा शाखाबाट प्राप्त केन्द्रगत र दैनिक विषयगत प्रश्न पत्र परीक्षा तालिका अनुसार रुजु गर्ने तथा परीक्षा तालिका यकिन गरी उक्त दिनको परीक्षाको प्रश्न पत्र लिई भोलिपल्टको प्रश्न पत्र रहे, नरहेको यकिन गरी सुरक्षित राख्नु पर्नेछ ।

**११. केन्द्राध्यक्षको नियुक्ति:** (१) परीक्षा समितिले परीक्षा केन्द्र रहेकै विद्यालयको प्रधानाध्यापकलाई वा नजिकको विद्यालयको प्रधानाध्यापकसँग अदलबदल गरी केन्द्राध्यक्ष तोक्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:

(क) तोकिएको परीक्षा केन्द्रमा शान्तिपूर्ण र मर्यादित वातावरण निर्माण गरि तोकिएको परीक्षा कार्यक्रम बमोजिम निरीक्षकको व्यवस्था गरी परीक्षा सञ्चालन गर्ने ।

(ख) तोकिएको परीक्षा केन्द्रको प्रश्नपत्र परीक्षा हुनु दुई दिन अगाडि नै रुजु गर्ने ।

(ग) परीक्षा केन्द्रको सूरक्षा र आवश्यकतानुसार कर्मचारीको व्यवस्था गर्ने ।

(घ) परीक्षा केन्द्रको हाता भित्र परीक्षार्थी, अनुगमनका लागि खटिएका परीक्षा समितिका पदाधिकारीहरु तथा परीक्षा सञ्चालनका कर्मचारीबाहेक अरुलाई प्रवेश गर्न नदिने ।

(ङ) परीक्षा हलमा होहल्ला गर्ने, नक्कल गर्ने, गराउने जस्ता अमर्यादित काम गर्ने परीक्षार्थीलाई निष्काशनसम्म गरी त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गर्ने ।

(च) निरिक्षक, अनुगमनमा खटिएका पदाधिकारीहरु, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष तथा अन्य तोकिएका पदाधिकारीले परिक्षाको अनुगमन गर्दा परीक्षार्थीको ध्यान भंग हुनेगरी प्रश्न सोध्ने, तस्विर लिने आदि कार्य गर्न नदिने ।

(छ) परीक्षा समितिले तोकेबमोजिम परीक्षा सम्बन्धि अन्य कार्य गर्ने ।

**१२. उत्तर पुस्तिका परीक्षण, सम्परिक्षण र नतिजा प्रकाशन:** (१) उत्तर पुस्तिकाहरुको परीक्षणको व्यवस्था सम्बन्धित विद्यालयले मिलाउनेछ । निरिक्षकबाट परिक्षण भएका उत्तर पुस्तिकाको सम्परिक्षण परीक्षा समितिले तोकेका विषय शिक्षकहरुबाट गाउँ कार्यपालिकाको कार्यालयमा गरिनेछ ।

(२) विद्यालयले उत्तर पुस्तिका परीक्षण पश्चात् प्राप्ताङ्क इन्ट्री तथा रुजु गरी नतिजा प्रकाशनको व्यवस्था मिलाउनेछ ।

(३) मार्क लेजर र लव्धाङ्कपत्र प्रमाणीकरणका लागि सम्बन्धित विद्यालयले शिक्षा शाखा मार्फत तामाकोशी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनेछ ।

**१३. प्रमाण पत्र, लब्धाङ्क पत्र र मार्कलेजर वितरण :** अनुसूची १ बमोजिम विद्यालयबाट पेश भएको विवरणको आधारमा विद्यार्थीको नाम थर, जन्ममिति, स्थायी ठेगाना, बाबुआमाको नामनामेशी विवरण यकिन गरी परीक्षा समितिको अध्यक्षबाट प्रमाणीकरण गराई अनुसूची २ बमोजिमको मार्कलेजर र अनुसूची ३ बमोजिमको प्रमाण पत्र, लब्धाङ्क पत्र वा ग्रेडसिट वितरणको आवश्यक व्यवस्था शिक्षा शाखाले मिलाउनेछ ।

**१४. अभिलेख सच्याउने व्यवस्था :** विद्यालयले उपलब्ध गराएको विवरण बमोजिम तयार गरिएको प्रमाणपत्र, लब्धाङ्कपत्र वा ग्रेडसिटमा परीक्षार्थीको नाम, थर, जन्म मिति फरक परेमा नतिजा प्रकाशन भएको मितिले ६ महिना भित्र सम्बन्धित विद्यालयको प्रधानाध्यापकको सिफारिसमा शिक्षा शाखाले संशोधनको व्यवस्था मिलाउनेछ ।

**१५. परीक्षा सञ्चालन सम्बन्धि पारिश्रमिक :** अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि परीक्षा सञ्चालनको क्रममा दिईने पारिश्रमिक परीक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

**१६. परीक्षा सम्बन्धी कार्यक्रम :** परीक्षा सम्बन्धी वार्षिक कार्यक्रम परीक्षा समितिको निर्देशनमा शिक्षा शाखाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ३

## विविध

**१७. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा परीक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

**१८. संशोधन:** विधेयक समितिको सिफारिसमा प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट वा संशोधन गर्न सक्नेछ ।

**१९. खारेजी र बचाउः** यो कार्यविधी जारी हुनुभन्दा पहिले भएका काम कारवाही एवं निर्णयहरु यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछन् ।

## अनुसूची १

**(दफा १३ सँग सम्वन्धित)**

BASIC LEVEL COMPLETION EXAMINATION 20…..

Name of School:

School Type:

Name of Local Government: RC:

| S. No. | Roll No. | Name of Student | Gender | Date of Birth | Father's Name/ Mother's Name | Other Details | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

<u>अनुसूची २</u>

**दफा १३ सँग सम्वन्धित**

Tamakoshi Rural-Municipality

Office of The Rural Municipal Executive

Japhe, Dolakha

3 No. Province, Nepal

BASIC LEVEL COMPLETION EXAMINATION 20….

MARK/GRADE LEDGER OF GRADE 8

Name of School: School Type: Community/Institutional RC Name:

| S. No. | Roll No. | Name of Students | Date of Birth | Nepali | | | English | | | Math | Science & Environment | | | Social Studies & Population Education | | | Occupation, Business and Technology Education | | | Health & Physical Education | | | Moral Education | | | Others | | | | Total | | | Result | Percentage | Division | GPA | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Th. | Pr | Total | Th. | Pr | Total | | Th. | Pr | Total | Th. | Pr | Total | Th. | Pr | Total | Th. | Pr. | Total | Th. | Pr | Total | Subject | Th. | Pr | Total | | | 800 | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

Head Teacher

Member-Secretary

Chairperson
BLCEC

**अनुसूची ३**

**(दफा १३ सँग सम्वन्धित)**

Tamakoshi Rural Municipality
Office of The Rural Municipal Executive
Japhe, Dolakha
3 No. Province, Nepal
BASIC LEVEL COMPLETION EXAMINATION 20...

Photo

MARK-SHEET/GRADE-SHEET

This is to certify that Mr./Miss/Mrs. ……………………………………
Son/Daughter of Mr.……………………………….Mrs………………………………………………………..
the student of ………………………………………………………………….School…………., Dolakha
has appeared the Grade VIII- Basic Level Examination, Completed
According to school record his/her date of birth is …………………………..
Roll No./Symbol No…………………………..

| S.N. | Subjects | Full Marks | Pass Marks | Obtained Marks | | Total | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | TH | PR | | |
| | | | | | | | |
| Division: | | | | | | | |
| Percentage: | | | | | | | |
| GPA: | | | | | | | |
| Division: Distinction (80%=640), First (60%=480), Second (45%=360) and Third (40%=320) | | | | | | | |

Head Teacher/Principal

Member-Secretary
BLCEC

Chairperson
BLCEC

School Stamp

Date of Issue

प्रमाणीकरण मितिः २०७५।०१।२४

आज्ञाले,
दीपेश कट्टेल
प्रमुख प्रशासकीय अधिकृत